# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गोईठी, सप्तरी
## मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१
चलानी नं.

मितिः २०८०/१२/११
ने.सं.११४४ चिल्लाथ्व, १४ आइतवार

**शुभकामना ।**

नेपालीहरूको महान् पर्व फागुपूर्णिमा (होली)को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।विभिन्न रङ्गीचङ्गी कपडाले सजिएको चीर ठड्याएपछि प्रारम्भ हुने होली पर्व पूर्णिमाको रात्री चीर दाह गरेपछि समापन हुन्छ । रङ्गहरूको पर्वको रूपमा प्रत्येक वर्ष आपसी मेलमिलाप र सद्भावको सन्देश दिने फागुपूर्णिमा (होली) पर्व हिमाली, पहाडी तथा भित्री मधेश, काठमाडौं उपत्यका तथा तराईका जिल्लाहरूमा विभिन्न रङ र अबिर खेल्दै खुशियालीसाथ मनाउने परम्परा रहेको छ । होलीमा खेलिने विविध रङ्गहरू जस्तै नेपाली समाज पनि जातीय, भाषिक र सांस्कृतिक रुपमा विविधतापूर्ण रहेकोछ । यही विविधता बीचको एकता नै हामी नेपालीको पहिचान र सुन्दरता पनि हो ।होली पर्व असत्यमाथि सत्यको, अन्याय माथि न्यायको, दूराचार माथि सदाचारको र अधर्म माथि धर्मको विजय भएको खुशियालीमा मनाइने हुँदा समस्त नेपालीहरूबीच रिस, राग परित्याग गरी प्रेम र आत्मीयताद्वारा सामाजिक सद्भावमा योगदान पुऱ्याउने विश्वास मैले लिएको छु ।अन्त्यमा, यस पर्वले समाजमा विद्यमान विभिन्न प्रकारका विकृति, विसङ्गति एवम् कुरीतिहरूलाई निर्मूल गर्दै मौलिक संस्कृतिहरूको संरक्षण र संवर्द्धन गर्न प्रेरणा प्रदान गरोस् भन्ने सम्पूर्ण तिरहुतवासी लगायत यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा शुभकामना व्यक्त गर्दछु ।

२०८०।१२।११
.......................
(विजय कुमार यादव)
गा.पा.अध्यक्ष

विजय कुमार यादव
गा.पा.अध्यक्ष